नेपाल सरकार
गृह मन्त्रालय
# सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय
मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय
(भर्ना तथा छनौट शाखा) हलचोक, स्वयम्भू काठमाण्डौ ।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/११/१८ गते, सूचना नं.:- ०२/०८०/८१

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको प्राविधिक समूह (स्वास्थ्य) तर्फका देहायका पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि उल्लिखित बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट अनलाईन मार्फत वा रु. १०/- को टिकट टाँसी स्वयं उपस्थित भई दरखास्त फाराम बुझाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ ।

१. **दरखास्त लिने मिति** :- २०८०/११/१८ गते, बिहान १०:०० बजे देखि २०८०/१२/१८ गते बेलुका १७:०० बजेसम्म ।

२. **सम्पर्क मिति समय र स्थान** :-
(क) अनलाईन मार्फत तोकिएको समय भित्र दरखास्त फाराम भरेका उम्मेदवारहरुले मिति २०८०/१२/२० गते भित्र स्वयं उपस्थित भई सक्कलै दरखास्त फाराम बुझाउनु पर्नेछ ।
(ख) सम्पर्क मिति २०८०/१२/२२ गते सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक ।

३. **दरखास्त फाराम बुझाउने स्थान** :- सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक ।

४. **आवश्यक पद संख्या** :-

| सि.नं. | पद | विज्ञापन नं. | खुला | अमर/अशक्त स.प्र.क. सन्तती | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| क. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | ०९/०८०/८१ | ६ | १ | १ | १ | १ | | १ | ११ |
| ख. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (BDS) | १०/०८०/८१ | २ | | | | १ | | | ३ |
| ग. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (Staff Nurse) | ११/०८०/८१ | ३ | १ | १ | | | | | ५ |
| घ. | सशस्त्र प्रहरी नायव निरीक्षक (Lab Technician) | १२/०८०/८१ | १ | | १ | | | | | २ |
| ङ. | सशस्त्र प्रहरी नायव निरीक्षक (Physiotherapist) | १३/०८०/८१ | १ | | | | | | | १ |
| च. | सशस्त्र प्रहरी नायव निरीक्षक (Radiographer) | १४/०८०/८१ | १ | | | | १ | | | २ |

५. **नियुक्ति हुनको लागि आवश्यक योग्यता** :-

| सि.नं. | दर्जा | आवश्यक न्युनतम योग्यता |
|---|---|---|
| क. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | क. विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा भई ३० वर्ष ननाघेको (जन्म मिति २०५०।११।१८ देखि २०५९।११।१८ गतेसम्म),<br>ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एम.बि.बि.एस. उत्तीर्ण वा सो सरह उपाधी प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको,<br>ग. आँखा माईनस २.५ वा प्लस २.५ भन्दा बढी कमजोर नभएको,<br>घ. पुरुषको हकमा छाती नफुलाउँदा कम्तिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>ङ. पुरुषको लागि कम्तिमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तिमा पाँच फिट उचाई भएको,<br>च. पुरुषको लागि कम्तिमा ५० के.जी. र महिलाको लागि कम्तिमा ४२ के.जी. तौल भएको,<br>छ. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>ज. प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षाको क्रममा |

| | | |
|---|---|---|
| | | सञ्चालन हुने),<br>झ. आफुले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>ञ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>ट. दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>ठ. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>ड. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>ढ. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>ण. नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| ख. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक बि.डि.एस. (BDS) | क. विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा भई ३० वर्ष ननाघेको (जन्म मिति २०५०।११।१८ देखि २०५९।११।१८ गतेसम्म),<br>ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा बि.डि.एस. (BDS) उत्तीर्ण वा सो सरह उपाधी प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको,<br>ग. सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) पदका लागि तोकिए बमोजिम (ख) बाहेक अन्य योग्यता पूरा भएको । |
| ग. | प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक (Staff Nurse) | क. विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २७ वर्ष ननाघेको (जन्म मिति २०५३।११।१८ देखि २०६२।११।१८ गतेसम्म,<br>ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको,<br>ग. सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) पदका लागि तोकिए बमोजिम (क) र (ख) बाहेक अन्य योग्यता पूरा भएको । |
| घ. | सशस्त्र प्रहरी नायब निरीक्षक (Lab Technician) | क. विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २७ वर्ष ननाघेको (जन्म मिति २०५३।११।१८ देखि २०६२।११।१८ गतेसम्म,<br>ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको,<br>ग. सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) पदका लागि तोकिए बमोजिम (क) र (ख) बाहेक अन्य योग्यता पूरा भएको । |
| ङ. | सशस्त्र प्रहरी नायब निरीक्षक (Physiotherapist) | क. विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २७ वर्ष ननाघेको (जन्म मिति २०५३।११।१८ देखि २०६२।११।१८ गतेसम्म),<br>ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको,<br>ग. सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) पदका लागि तोकिए बमोजिम (क) र (ख) बाहेक अन्य योग्यता पूरा भएको । |
| च. | सशस्त्र प्रहरी नायब निरीक्षक (Radiographer) | क. विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २७ वर्ष ननाघेको (जन्म मिति २०५३।११।१८ देखि २०६२।११।१८ गतेसम्म),<br>ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको,<br>ग. सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) पदका लागि तोकिए बमोजिम (क) र (ख) बाहेक अन्य योग्यता पूरा भएको । |

६. राजश्व दस्तुर :-

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| क. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक | दरखास्त फाराम बुझाउँदा रु. १२००।- (एक हजार दुई सय) बुझाउनु पर्ने छ । समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. २४०।-) थप दस्तुर बुझाउनु पर्ने छ एवं उक्त दस्तुर वापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राजश्व खाता नं. १०००१००२०००१००००**, कार्यालयको कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४ मा **राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको** खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर १ प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । |

| | | |
|---|---|---|
| ख. | प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक | दरखास्त फाराम बुझाउँदा रु ७००।- (सात सय) बुझाउनु पर्ने छ । समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. १४०।-) थप दस्तुर बुझाउनु पर्ने छ, उक्त दस्तुर वापतको शुल्क बुँदा नं. ६ (क) मा उल्लेख भए अनुसारको खातामा जम्मा गर्नु पर्नेछ । |

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ, केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुने छैन ।**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हालसालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ (तीन) प्रति ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति । प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्ततिहरुको** लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र १ (एक) प्रति ।

(ङ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(छ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ज) **पिछडिएका क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

८. परीक्षा विधि :-

| | | |
|---|---|---|
| (क) प्रारम्भिक शारीरिक परिक्षण | (ख) शारीरिक सहिष्णुता परीक्षा | (ग) विस्तृत स्वास्थ्य परिक्षण |
| (घ) लिखित परीक्षा | (ङ) विशेष स्वास्थ्य परीक्षण | (च) अन्तर्वार्ता |

पुनश्च :-

(क) रित नपुगेका र म्याद भित्र राजश्व दस्तुर नतिरेका दरखास्त फाराम दर्ता हुने छैन ।

(ख) अनलाईन मार्फत म्याद भित्र दरखास्त फाराम दर्ता गराईएका उम्मेदवारहरुले आफूले फाराम दर्ता गराए पश्चात मिति २०८०/१२/२० गते भित्र दरखास्त फाराम डाउनलोड गरी बुँदा नं. ७ मा उल्लेख भए अनुसार सम्पूर्ण कागजातहरुका साथ रु.१० को टिकट टाँस गरी अनिवार्य रुपमा उम्मेदवार स्वयं उपस्थित भई प्रवेश पत्र लिनु पर्नेछ । (यदि उल्लेखित मितिमा उपस्थित नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।)

(ग) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेश पत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ ।

(घ) प्रत्येक चरणको परीक्षा समाप्ती पश्चात नतिजा प्रकाशन गरिने छ, उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ ।

(ङ) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अङ्कको आधारमा समावेशीतर्फ उम्मेदवारहरु बीचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(च) बुदा नं. ६ मा उल्लेखित राजश्व दस्तुरको अतिरिक्त उमेदवारहरुको विस्तृत र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम थप दस्तुर लाग्नेछ ।

(छ) **बुँदा नं. ८ (घ) मा उल्लेखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।**

(ज) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| (क) खुला | (ख) महिला | (ग) आदिवासी/जनजाती | (घ) मधेसी |
| (ङ) दलित | (च) पिछडिएको क्षेत्र | (छ) अमर/अशक्त स.प्र.क. सन्तति | |

सशस्त्र प्रहरी बल, नेपाल, मानवस्रोत विभाग, स्वयम्भू, हलचोक, काठमाडौं

(झ) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।

(ञ) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

(ट) नियुक्ति पाए पछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्नेछ ।

नोट :-

(१) सशस्त्र प्रहरी सेवाका राजपत्र अनङ्कित कर्मचारीहरुको हकमा ३० (तीस) बर्ष (जन्म मिति २०५०।११।१८ गतेसम्म) ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछन् । त्यस्ता विभागिय उम्मेदवारहरुको हकमा सम्बन्धित दर्जाको आधारभूत तालिम अनिवार्य सम्पन्न गरेको हुन पर्नेछ ।

(२) अनलाइन माध्यमबाट दरखास्त फाराम भर्नका लागि उम्मेदवारहरुले https://bharna.apf.gov.np/ मा गई दरखास्त फाराम भर्न सकिनेछ । Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा टेलिफोन नं. ९८५१२७२५८४ मा सम्पर्क गर्न सकिनेछ ।

(३) प्राविधिक समूह (स्वास्थ्य) तर्फ सम्बन्धित पदहरुको पाठ्यक्रम, अनलाईन आवेदन दिने दरखास्त फाराम तथा परीक्षा संचालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरु सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट *www.apf.gov.np,* टोल फ्रि नं. १११४ एवं आधिकारिक ***Facebook Page: Armed Police Force, Nepal*** बाट समेत जानकारी लिन सकिनेछ ।

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
हलचोक, काठमाण्डौं ।